# गैडहवा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
गैडहवा-३, विष्णुपुरा, रुपन्देही

लुम्बिनी प्रदेश, नेपाल


पत्र संख्या:-

चलानी नं.:-

सूचना ! सूचना !! सूचना !!!

*"DigitAll : Innovation and Technology for Gender Equality"* भन्ने अन्तराष्ट्रिय नारा तथा "लैङ्गिक समानताको बलियो आधार: सिर्जनात्मक प्रविधिमा महिला पहुँचको विस्तार" भन्ने राष्ट्रिय नाराका साथ ११३ औं अन्तराष्ट्रिय महिला दिवसको अवसरमा यही मिति २०७९-११-१९ गते अन्तर विद्यालय छात्रा हाजिरी जवाफ प्रतियोगिता र २०७९-११-२१ गतेका दिन गैडहवा गाउँपालिकाको प्राङ्गणमा अन्तर महिला (आमा) समूह गीत तथा नृत्य प्रतियोगिता आयोजना गरिएको हुँदा प्रतियोगितामा भाग लिन इच्छुक गैडहवा गाउँपालिकाका महिला (आमा) समूह र सामुदायिक, निजी तथा धार्मिक विद्यालयहरुलाइ मिति २०७९-११-१७ गते सम्म ९८४९४६५४८४ मा सम्पर्क गरी नाम दर्ता गराउनुहुन अनुरोध छ ।

कार्यक्रम सम्बन्धमा पूर्वसर्त तथा जानकारीहरु:

१.साँस्कृतिक कार्यक्रम सम्बन्धमा

- गीत तथा नृत्य महिला दिवसको नाराको मर्म अनुरुप हुनुपर्नेछ र नेपाली भाषा तथा स्थानीय भाषा दुवैलाइ मान्यता दिइनेछ ।
- प्रस्तुती १० मिनेटमा सम्पन्न गरी सक्नुपर्नेछ ।
- पोषाक तथा वाध्यवाधनको व्यवस्था आफैले गर्नुपर्नेछ ।
- एउटा समूहमा बढीमा ८ जना सहभागी हुनुपर्नेछ ।
- प्रस्तुतीले कोही कसैलाइ प्रत्यक्ष चोट पुग्ने वा समाजमा द्वन्द वा हिंसालाइ बढावा दिने खालको वा कानूनानुसार कसैको चरित्र हत्या हुने भएमा मान्य हुने छैन ।

प्रथम पुरस्कार रु १०,००० र प्रमाणपत्र द्वितीय पुरस्कार रु ८,००० र प्रमाणपत्र
तृतीय पुरस्कार रु ५,००० र प्रमाणपत्र सान्तवना पुरस्कार रु ३,००० र प्रमाणपत्र ।

२. हाजिरी जवाफ प्रतियोगिता सम्बन्धमा

- एउटा विद्यालयबाट ३ जना छात्रा सहभागी हुनुपर्नेछ ।
- हाजिरी जवाफ प्रतियोगिता मिति २०७९-११-१९ गते विहान ११ बजे संचालन हुनेछ ।
- हाजिरी जवाफका प्रश्नहरु नेपालको भूगोल, महिला अधिकारका विषय, समसामयिक विषयवस्तु, विज्ञान, खेलकुद, नेपालको संविधान, UNO,WHO लगायत विभिन्न संघ संस्था आदिमा केन्द्रित हुनेछन् ।
- कार्यक्रम सम्बन्धमा कुनै दुविधा अथवा विवाद उत्पन्न भएमा निर्णायक मण्डलको निर्णयनै अन्तिम हुनेछ ।

प्रथम पुरस्कार रु ५,००० र प्रमाणपत्र द्वितीय पुरस्कार रु ३,००० र प्रमाणपत्र
तृतीय पुरस्कार रु २,००० र प्रमाणपत्र सान्त्वना पुरस्कार रु १,००० र प्रमाणपत्र ।

२०७९।११।१४

कृष्ण प्रसाद पन्थी
प्रमुख प्रशासकीय अधिकृत